# स्थनीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०८) पालुङटार, साउन ३१ गते, २०८१ साल (संख्या ३

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २
## दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०४।३१

**प्रस्तावनाः** नगरपालिकामा दुधको उत्पादन खस्कन नदिन, साविकमा भन्दा उत्पादन र उतपादकत्व बढाउन, नगरपालिकालाई दुधमा आत्मानिर्भर बनाउन, दुग्ध उत्पादन पेशालाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउने कार्यलाई सुव्यवस्थित, सहज र वैज्ञानिक रुपमा कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यस कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८१” रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि पालुङटार नगरपालिकाभित्र लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “अनुदान” भन्नाले कृषकलाई दुग्ध उत्पादन व्यवसाय गरे वापत नगरपालिकाबाट प्रदान गरिने नगद वा जिन्सी सामान सम्झनु पर्दछ।

(ख) “आर्थिक विकास समिति” भन्नाले पालुङटार नगरपालिकाको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(ग) “कार्यक्रम” भन्नाले पालुङटार नगरपालिकाबाट सञ्चालन हुने दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्झनु पर्दछ।

(घ) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ।

(ङ) “नगर उप प्रमुख” भन्नाले नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ।

(च) “नगर प्रमुख” भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ।

(ज) “समूह/समिति” भन्नाले नगरपालिकामा वा कानून बमोजिम दर्ता/सूचीकृत भएका कृषक समूह/समिति सम्झनु पर्दछ।

(झ) “संकलन केन्द” भन्नाले नगरपालिकामा वा कानून बमोजिम दर्ता/सूचीकृत भएका दुग्ध संकलन गर्ने केन्द्र सम्झनु पर्दछ।

(ञ) “सहकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनु पर्दछ।

(ट) “सम्बन्धित कार्यालय वा शाखा” भन्नाले पालुङटार नगरपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ।

(ठ) “स्थानीय तह” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ।

**३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने,

(ख) अनुदान वितरण नीतिलाई प्रक्रियामूखीबाट परिणाममूखी तर्फ लैजाने,

(ग) दुग्ध उत्पादन पेशालाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने,

(घ) साना कृषकहरुले दुग्ध उत्पादन गरी उक्त दुधलाई सहज रुपमा बजारसँग जोडने,

(ङ) अनुदान वितरण प्रक्रियालाई सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउने ।

## परिच्छेद २
## अनुगमन तथा मुल्याङ्कन समिति

**४. कार्यक्रम अनुगमन तथा मुल्याङ्कन समिति :** (१) यस कार्यक्रमलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि देहाय बमोजिमको एक छनौट तथा मूल्याङ्कन समिति रहनेछ :-

(क) आर्थिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य - संयोजक

(ख) पशु सेवा शाखाको कर्मचारी - सदस्य

(ग) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको समितिलाई सल्लाह सुझाव दिनको लागि तपशिल बमोजिमका सदस्यको एक सल्लाहकार समिति रहनेछ ।

(क) नगर प्रमुख - सदस्य

(ख) नगर उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

**५. समितिको काम, कर्तव्य र अधिकार :** दफा (४) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ख) नगरपालिका अन्तर्गत रहेका दुग्ध उत्पादक कृषक, कृषक समूह, फर्म, कृषि सहकारी तथा अन्य निकायसँग समन्वय गरी दुग्ध उत्पादन कार्यमा बृद्धी गर्न सहयोग गर्ने ।

(ग) अनुदान बितरण प्रक्रियालाई पारदर्शी, निष्पक्ष, प्रभावकारी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

(घ) कार्यक्रम सञ्चालन गर्दा आइ पर्ने समस्याहरु समाधान गर्न आवश्यक सहजीकरण र निर्णय गर्ने ।

(ङ) यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार माथिल्लो निकायमा आवश्यक पहल गर्ने ।

## परिच्छेद ३

## छनौटका आधार र कार्यान्वयन प्रक्रिया

**६. लाभग्राही छनौटका आधार :** (१) यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्नका लागि आवेदन पेश गर्ने आवेदकको तपशिल बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) यस कार्यक्रममा आवेदन दिन दुग्ध संकलन गर्ने सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्म नगरपालिका भित्रको हुनु पर्नेछ ।

(ख) सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्मले संस्थागत रुपमा दुग्ध विक्रि गरेको हुनु पर्नेछ । संस्थागत रुपमा दुग्ध विक्रि नगर्ने भए दुग्धलाई पाश्चराइज गरी सिलबन्दी प्याकेजिङ गरी विक्रि गरेको हुनु पर्नेछ ।

(ग) सहकारी संस्था, संकलन केन्द्र, कृषक समूहको हकमा दैनिक कम्तिमा १०० लिटर र फर्मको हकमा दैनिक कम्तिमा ५० लिटर दुधको संकलन वा उत्पादन गरेको हुनु पर्नेछ ।

*तर दैनिक रुपमा **२०० लि.** भन्दा वढी दुध उत्पादन गर्ने कृषक तथा फर्मलाई यस कार्यक्रम अन्तर्गत समावेश गर्न सकिने छैन ।*

(२) उपदफा (१) बमोजिम योग्यता पुगेका आवेदकहरुले आवेदन साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ :-

(क) संस्था दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) आधिकारीक च्यानलमा दैनिक दुध विक्रि वा कारोबार गरेको प्रमाणित अभिलेख ।

(ग) संस्थाहरुको हकमा वार्षिक साधारण सभाको प्रमाणित प्रतिलिपि ।

(घ) आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) सहकारी संस्थाको हकमा लेखा परिक्षणको प्रतिलिपि ।

(च) कर चुक्ताको प्रतिलिपि ।

(छ) वडा कार्यालयको सिफारिस ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था, संकलन केन्द्र, कृषक समूहको हकमा कृषकसँग दुध संकलन गरेको अभिलेख र फर्मको हकमा दुग्ध

उत्पादन गरेको अभिलेख तोकिए अनुसारको ढाँचामा अभिलेख राखेको हुनु पर्नेछ र सोहि अभिलेखको आधारमा अनुदान रकम भुक्तानी गरिनेछ ।

**७. कार्यक्रम कार्यान्वयन प्रक्रिया:** अनुदान कार्यक्रमको कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(१) यस कार्यक्रमको विषय उल्लेख गरी नगरपालिकाले नगरपालिकाको वेवसाइट, स्थानीय सञ्चार माध्यमको मार्फत **अनुसूची १** बमोजिम निवेदन आवेदनको लागि सूचना प्रकाशन गर्नेछ र उक्त सूचना शाखामा समेत टाँस गरिनेछ ।

(२) प्रकाशित सूचना अनुसार नगरपालिकामा सञ्चालित सहकारी संस्था, संकलन केन्द्र, कृषक समूहले अ**नुसूची २** र फर्मले **अनुसूची ३** बमोजिमको ढाँचामा शाखामा आवेदन पेश गर्नु पर्नेछ ।

(३) अनुसूची २ र अनुसूची ३ बमोजिम आवेदन दिँदा रु १००।- दस्तुर लाग्नेछ ।

(४) शाखाले प्राप्त आवेदनहरुको कार्यस्थलमै गएर फिल्ड भेरिफिकेशन गर्न सक्नेछ ।

(५) संलग्न आवेदन, आवश्यक कागजात र फिल्ड भेरिफिकेशनबाट प्राप्त विवरणको आधारमा मूल्याङ्कन समितिबाट **अनुसूची ४** बमोजिम मूल्याङ्कन प्रतिवेदन तयार गरिनेछ । मूल्याङ्कन प्रतिवेदनको आधारमा समितिले अनुदानग्राही छनौटको निर्णय गर्नेछ ।

(६) छनौट भएका अनुदानग्राहीको नतिजा नगरपालिकाको वेवसाइटमा राखिनेछ र शाखा मार्फत अनुदानग्राहीलाई जानकारी गरिनेछ ।

(७) अनुदानका लागि छनौट भएका सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्मसँग कार्य सञ्चालनको लागि **अनुसूची ५** अनुसारको सम्झौता गरिनेछ र आवश्यकता अनुसार शाखाबाट स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा नगरपालिकाले भुक्तानी दिनेछ ।

(८) प्रति लिटर दुग्ध अनुदान रकम कार्यपालिकाको वैठकबाट निर्णय भए वमोजिम वा तोकिए वमोजिम हुनेछ ।

(९) अनुदान वापतको रकम अनुगमन पश्चात आवेदन दिने सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्मलाई **अनुसूची ६**

अनुसारको अभिलेखको आधारमा चौमासिक वा अर्ध वार्षिक वा वार्षिक रुपमा बैंक खाता मार्फत भुक्तानी दिईनेछ ।

(१०) सहकारी संस्था, संकलन केन्द्र र कृषक समूहले प्राप्त गरेको रकम कृषकहरुलाई वितरण गर्नु पर्नेछ र सोको विवरण शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ४

## विविध

**८. अनुदान रकम असुल उपर गराइने :** कुनै सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्**मले** झुट्टा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनको लागि खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा लाभग्राहीबाट अनुदान वापतको रकम जरिवना सहित असुल उपर गरिनेछ र उक्त लाभग्राहीहरुलाई शाखाबाट प्रदान गरिने अनुदान कार्यक्रमहरुबाट वञ्चित गरिनेछ ।

**९. विवादको समाधान गर्नु पर्ने :** कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा कार्यपालिकाबाट दिइने निर्णय अन्तिम हुनेछ ।

**१०. अभिलेख राख्नु पर्ने :** यस कार्यक्रम बमोजिम सेवा लिने अनुदानग्राहीको अभिलेख राख्ने प्रमुख जिम्मेवारी पशु सेवा शाखाको हुनेछ ।

**११. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यक्रमको प्रतिवेदन सम्बन्धित शाखाले कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१२. खर्च र लेखा परीक्षण :** (१) कार्यक्रमको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कार्यक्रमको आयव्ययको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१३. व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

१४. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची १**

**(दफा ७ को १ सँग सम्बन्धित)**

**कार्यक्रम सम्वन्धी दरखास्त आव्हानको**

**सूचनाको ढाँचा**

सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत **दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम** अनुसार पालुङटार नगरपालिकाभित्र सञ्चालित दुग्ध उत्पादक सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपशिलः

१. आवेदन फाराम,
२. संस्था दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,
३. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
४. सहकारी संस्थाको हकमा लेखा परीक्षणको प्रतिलिपि र वार्षिक साधारण सभा गरेको प्रमाणित प्रतिलिपि,
५. सहकारी संस्था, संकलन केन्द्र, कृषक समूहको हकमा कृषकसँग दुग्ध संकलन गरेको अभिलेखको प्रतिलिपि,
६. आधिकारीक च्यानलमा दैनिक दुग्ध विक्रि वा कारोबार गरेको प्रमाणित अभिलेख ।
७. कर चुक्ताको प्रतिलिपि
८. वडा कार्यालयको सिफारिस ।

**अनुसूची २**

**(दफा ७ को २ सँग सम्बन्धित)**

**दुग्ध उत्पादक सहकारी संस्था, संकलन केन्द्र, कृषक समूहले दिने**

**आवेदन पत्र**

मितिः

श्री..............................,

पालुङटार नगरपालिका, गोरखा ।

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति ....................मा प्रकाशित सूचना अनुसार यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखि निवेदन गर्दछु/छौ । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिलः

१. दुग्ध उत्पादन र संकलन गर्ने कुल सदस्य संख्या :

२. गत वर्ष कुल दुग्ध संकलन लि ( औषत दैनिक .............. लि, मासिक ..............लि, वार्षिक ................लि)

३. यस सहकारी संस्था/संकलन केन्द्र/कृषक समूहबाट दुग्ध विक्रि गरिने संस्थाहरुको नाम र ठेगाना

(क)
.......................................................................................................................

(ख)
.......................................................................................................................

(ग)
.......................................................................................................................

(घ)
......................................................................................................................

४. संस्था दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

६. सहकारी संस्थाको हकमा लेखा परिक्षणको प्रतिलिपि र वार्षिक साधारण सभा गरेको प्रमाणको प्रतिलिपि ।

७. कृषकसँग दुग्ध संकलन गरेको अभिलेखको प्रतिलिपि ।

८. आधिकारीक च्यानलमा दैनिक दुध विक्रि वा कारोबार गरेको प्रमाणित अभिलेख ।

९. कर चुक्ताको प्रतिलिपि

१०. वडा कार्यालयको सिफारिस ।

११. बैंक खाताको चेकको प्रतिलिपि ।

आवेदक

संस्थाको नाम :

आवेदकको नाम थर :

पद :

दस्तखत :

ठेगाना :

सम्पर्क नं. :

मिति :

## अनुसूची ३
## (दफा ७ को २ सँग सम्बन्धित)
## दुग्ध उत्पादक फर्मले दिने
## आवेदन पत्र

मितिः .........................

श्री...............................,

पालुङटार नगरपालिका, गोरखा ।

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति ....................मा प्रकाशित सूचना अनुसार यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखि निवेदन गर्दछु/छौ । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिलः

१. गत वर्ष कुल दुग्ध संकलन लि ( औषत दैनिक ............. लि, मासिक .............लि, वार्षिक ................लि)

२. यस फर्मबाट दुग्ध विक्रि गरिने संस्थाहरुको नाम र ठेगाना

(क) ..........................................................................................................

(ख) ..........................................................................................................

(ग) ..........................................................................................................

(घ) ..........................................................................................................

३. फर्म दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

४. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

५. आधिकारीक च्यानलमा दुग्ध विक्रि वा कारोबार गरेको प्रमाणित प्रतिलिपि ।

६. कर चुक्ताको प्रतिलिपि

७. वडा कार्यालयको सिफारिस ।

८. बैंक खाताको चेकको प्रतिलिपि ।

आवेदक
फर्मको नाम :
आवेदकको नाम थर :
दस्तखत :
ठेगाना :
सम्पर्क नं. :
मिति :

**अनुसूची ४**

**(दफा ७ को ५ सँग सम्बन्धित)**

**प्रस्ताव मूल्याङ्कन फाराम**

आवेदक संस्थाको नामः ................................

ठेगाना : ..................................

| क.स | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | अभिलेख व्यवस्थापन (२०) | | |
| २ | दैनिक दुग्ध संकलन परिमाण (२०) | | |
| ३ | दुग्ध उत्पादक कृषक संख्या (२०) | | |
| ४ | मिल्क एनालाईजरको प्रयोग (२०) | | |
| ५ | दुग्ध आधिकारीक च्यानलमा विक्रि गरे / नगरेको (२०) | | |
| जम्मा | | | |

## अनुसूची ५

### (दफा ७ को ७ सँग सम्बन्धित)

### सम्झौता पत्रको ढाँचा

पालुङटार नगरपालिका अर्न्तगतको पशु सेवा शाखा मार्फत सञ्चालन गरिने चालु आ.व. ......... को स्वीकृत कार्यक्रम दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम गर्न पशु सेवा शाखा, (यस पछि पहिलो पक्ष भनिने) र छनौट भएका सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्म गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं...... श्री.................................................... ( यस पछि दोश्रो पक्ष भनिने) बिच तपशिलका शर्तनामाहरु गरी/गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई दुग्ध उत्पादनमा आधारित अनुदान दोश्रो पक्षले बुझाएको अभिलेखको आधारमा सोझै चेक मार्फत अनुदान स्वरुप रकम उपलब्ध गराउनेछ ।

२. दोश्रो पक्षले चैमासीक रुपमा दुग्ध उत्पादनको अभिलेखबुझाई पहिलो पक्षसँग भुक्तानी माग गर्नु पर्नेछ ।

३. पहिलो पक्षले दोश्रो पक्षलाई दुधको प्रति लिटर रु ......अक्षरुपी.............................. अनुदान वापतको रुपमा प्रदान गर्नेछ ।

४. दोश्रो पक्षले भुक्तानी पश्चात पहिलो पक्षलाई कृषकहरुलाई रकम वितरण गरेको भरपाई बुझाउनु पर्नेछ ।

५. पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले मास्न वा दुरुपयोग गर्न पाउने छैन । त्यसो भएको पाईएमा निजबाट सो रकम जरिवाना सहित असुल उपर गरिनेछ र प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरीनेछ ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षः | प्रथम पक्ष : |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |

| | |
|---|---|
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| सम्पर्क नं. : | कार्यालय : |
| | कार्यालयको छाप : |

| | |
|---|---|
| रोहवर | रोहवर |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| पद : | पद : |

इति सम्वत..............साल.........महिना..........गते रोज...........शुभम् ।

# अनुसूची ६

## (दफा ७ को ९ सँग सम्बन्धित)

## दुग्ध उत्पादक सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्मले आवेदन साथ पेश गर्ने अभिलेखको ढाँचा

सहकारी संस्था, संकलन केन्द्र, कृषक समूह वा फर्मको नाम

:..............................................................

ठोगाना :...................................

विवरण पेश गरेको समय : २०......./...../..... देखि २०......./...../.....

**गते**

| क.स. | किसानको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने

नाम :

हस्ताक्षर :

प्रमाणित गर्ने

नाम :

हरुताक्षर :

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत